# प्रशासन पत्रिका १२८ औं अंकको लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना !!

सामान्य प्रशासन मन्त्रालयबाट "प्रशासन पत्रिका-१२८ औं अंक" शीघ्र प्रकाशन हुन गइरहेको छ । यस नियमित अंकलाई उपयोगी, विश्लेषणात्मक एवम् विचारमूलक र समसामयिक बनाउन विभिन्न विद्वान लेखकहरुसँग संघीयता कार्यान्वयन, राज्य पुनर्संरचना, प्रशासनिक पुनर्संरचना र जनप्रशासन तथा व्यवस्थापन विषयमा केन्द्रीत रही लेखहरु संकलन गर्ने कार्य भईरहेको सन्दर्भमा उक्त अंकमा लेख रचना समावेश गर्न इच्छुक विद्वान लेखकहरुबाट बढिमा ३००० (तीन हजार) शब्दसम्मको उपयुक्त लेख-रचना यही २०७४ सालको जेठ १५ गतेसम्म पठाउनुहुन आह्वान गरिन्छ । प्रकाशनको लागि पठाइने लेख रचनाको माध्यम भाषा नेपाली भए युनिकोड, फन्टको साइज ११ र अंग्रेजी भए Times New Roman फन्टको साइज १२ मा टाइप गरिएको हुनुपर्नेछ । लेखकले आफ्नो लेख, रचनामा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने विषयहरु देहाय बमोजिम रहेका छन्:

क) लेखको शुरुमा सार जनाउने सारांश

ख) मुख्य लेख/विषयवस्तु

ग) अन्त्यमा निष्कर्ष

घ) लेख रचना तयार पार्न प्रयोग भएका सन्दर्भ सामग्रीको स्रोत *अनिवार्य रुपमा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप* उल्लेख गर्नुका साथै लेखकले आफ्नो इमेल ठेगाना र फोन नम्बर उल्लेख गरी लेखकको फोटो समेत पठाउन अनुरोध गरिन्छ ।

लेख रचनाहरु इमेल ठेगाना ***yojana@moga.gov.np*** वा ***pradeeppariyar@gmail.com*** मार्फत पनि पठाउन सकिनेछ । यस सम्बन्धी विस्तृत जानकारी सामान्य प्रशासन मन्त्रालयको योजना तथा अनुगमन शाखाबाट लिन सकिने व्यहोरा समेत सूचित गरिएको छ ।

*पुनश्चः उपरोक्तानुसार विवरणहरु उल्लेख नभई आएका लेखहरु प्रकाशन गर्न सम्पादक मण्डल बाध्य हुने छैन ।* साथै आफ्ना लेखहरुको शुद्धाशुद्धी परीक्षण गरी बुझिने गरी पठाउनु हुन समेत अनुरोध छ ।

..........
२०७४/०१/०८

(प्रदीप परियार)
शाखा अधिकृत
शाखा अधिकृत

मितिः २०७४/०१/०८